प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय

म्याग्दी

पत्र संख्याः २०८१।०८२

सूचना नं.: ५

गण्डकी प्रदेश, नेपाल

मितिः २०८१।०५।१२

## आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०५।१२

यस कर्यालयको आ.व. २०८१/८२ को वार्षिक विकास कार्यक्रम आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने भएको हुँदा लैंगिक हिंसा एवम् मानव वेचविखन तथा ओसारपसारको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुले कार्यालयले तोकेको ढाँचामा (निवेदनको ढाँचा कार्यालयको वेभसाइट www.sdomyagdi.gandaki.gov.np मा समेत डाउनलोड गर्न सकिनेछ) तपशिल बमोजिमका कागजातहरु संलग्न गरि रितपूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**संलग्न कागजातहरु:**

१. हिंसा पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन,
२. पहिचान खुल्ने कागजात/फोटो,
३. प्रहरी/सम्बन्धित वडाको सिफारिस पत्र,
४. सामाजिक विकास कार्यालयको वेभसाईटमा भएको निवेदनको ढाँचामा फारामा भरी कार्यालयको इमेल sdomyagdi@gmail.com मा पठाउन सकिनेछ ।
५. कार्यालयमा भौतिक रुपमा उपस्थित भई निवेदन पेश गर्न सकिनेछ ।

पुनश्चः आपतकालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सिमा र आधार अनुसूची-५ बमोजिम हुनेछ । अनुसूची कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

थप जानकारीका लागि सामाजिक विकास कार्यालय म्याग्दीको फोन नं. ०६९-५२२०९२ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

रमेश थापा
कार्यालय प्रमुख

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय म्याग्दी / सामाजिक विकास कार्यालय, प्रदेश सरकार, गण्डकी प्रदेश नेपाल

## अनुसूची-५

## आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार

(क) विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्तिको लागि आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कार्यालयले सो प्रयोजनको लागि बढीमा रु.पचास हजारसम्म खर्च गर्न सक्नेछ ।

(ख) पीडितले कुनै सिपमूलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा प्रति व्यक्ति बढीमा रु.बीस हजार बीउपूँजि रकम उपलब्ध गराउन सकिनेछ।

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि प्रति घटना बढीमा रु.पाँच हजार रकम उपलव्ध गराउने ।

(घ) पिडितलाई तत्काल उद्दारको क्रममा सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति दिन प्रति व्यक्ति खाना खर्च वापत रु. तीन सय र बास बस्नु पर्ने भए सो वापत बढिमा रु. पाँच सयका दरले प्रति घटना बढीमा जम्मा रु. पाँच हजारसम्म उपलव्ध गराइनेछ ।

(ङ) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल जाँदाको सवारी साधन भाडा रकम (सम्भव भएसम्म सार्वजनिक सवारी साधनको प्रयोगलाई प्राथमितकता दिनु पर्नेछ), प्रति व्यक्ति प्रति दिन खाना खर्च वापत रु.तीन सय र अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बास खर्च वापत बढीमा रु. पाँच सयसम्म तथा उपचार खर्च समेत गरी प्रति घटना बढीमा रु. छ हजार पाँच सयसम्म उपलव्ध गराइनेछ ।

(च) पुनर्स्थापना एवं पुनर्मिलनका लागि कामको प्रकृति र समितिको निर्णय वमोजिम बढिमा रु. दश हजारसम्म उपलव्ध गराइनेछ ।

(छ) सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात ,आवास, खाना, खाजा वापत लाग्ने वास्तविक खर्च ।

(ज) पीडितसंग कुनै बालबच्चा भए पिडित सरहको खाना खर्च रकम उपलव्ध गराइनेछ । ।

(झ) माथि उल्लेखित बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गर्नका लागि सिफारिस गर्न सक्नेछ।

*नोटः समितिले जिल्लाको आवश्यकता अनुसार सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात, खाना, खाजा खर्च, माथि नै उल्लेख गर्ने मानव संवेदना सम्वन्धी खर्च, पुनर्स्थापना/पुनर्मिलन तथा उपचार खर्च, विपन्न नागरिकलाई अति आवश्यक आधारभूत आवश्यकता जस्तै- लत्ता कपडा तथा उपचारको प्रवन्ध मिलाउनु पर्ने अवस्था देखिएमा सो वापत लाग्ने यथार्थ खर्च उपलब्ध गराउनको लागि निर्णय लिन सक्नेछ । साथै सामाजिक विकास कार्यालय, म्याग्दीमा मात्र उद्धार, राहत तथा पुनस्थापना खर्चमा दुई लाख पचास हजार रुपैँया विनयोजन भएकाले उपरोक्तानुसार नै खर्च गर्न सकिने ।*

मिती :२०८१/

श्रीमान कार्यालय प्रमुख ज्यू,

सामाजिक विकास कार्यालय,

बेनी, म्याग्दी ।

विषयः आपतकालिन उद्धार राहत पाउँ ।

प्रस्तुत विषयमा समाजिक विकास कार्यालय, म्याग्दीले प्रकाशन गरेको आपतकालिन उद्धार राहत सम्बन्धी मिति २०८१। । गतेको सूचनाबाट बेहोरा जानकारी भएकोले आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराइदिनुहुन भनी तपसिल बमोजिमको कागजात सहित निवेदन पेश गरेको छु ।

<u>संलग्न कागाजातः</u>

१. पहिचान खुल्ने कागजात/फोटो,

२. प्रहरी/सम्बन्धित वडाको सिफारिस पत्र,

३. अन्य आवश्यक कागजात